# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ | संख्याः १ | मितिः २०८०/०९/२५

## भाग-२

**सिस्ने गाउँपालिकामा विभिन्न पदहरुको स्थायी तथा अस्थायी करार सेवामा पदपुर्तिको लागि सन्चालन गरिने परीक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८१**

**प्रस्तावनाः** सिस्ने गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा विभिन्न पदमा स्थायी/ अस्थायी/ करार सेवामा पदपूर्तिको लागि सञ्चालन गरिने परीक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड बनाउन बाञ्छनीय भएकोले सिस्ने गाउँ कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस मापदण्डको नाम "सिस्ने गाउँपालिकामा विभिन्न पदहरुको पदपूर्तिको लागि सञ्चालन गरिने परीक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा**:विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क)"पदपूर्ति समिति" भन्नाले गाउँपालिका अन्तर्गतका विभिन्न पदहरुमा स्थायी वा अस्थायी वा करार सेवामा पदपूर्तिको लागि गाउँ कार्यपालिकाको निर्णयानुसार गठन हुने समितिलाई जनाउँछ ।

(ख)"गाउँ कार्यपालिका" भन्नाले सिस्ने गाउँ कार्यपालिकालाई जनाउँछ ।

(ग) "गाउँपालिका" भन्नाले सिस्ने गाउँपालिकालाई जनाउँछ ।

## परिच्छेद २
## परीक्षामा संलग्नहरुको सेवा सुविधा सम्बन्धमा

३. १)माथि उल्लेखित परीक्षा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न पदाधिकारीहरु तथा कर्मचारीहरुले तपसिल बमेजिमको सेवा सुविधा पाउनेछन्

| | |
|---|---|
| क) पदाधिकारी बैठक भत्ता प्रति बैठक | रु १५००/- |
| ख) विषयगत प्रश्न निर्माण रोष्टर प्रति सेट | रु १५००/- |
| ग) वस्तुगत प्रश्न निर्माण प्रति सेट | रु २०००/- |
| घ) विषयगत प्रश्नपत्र टाइप प्रति सेटरु५००/- | |
| ङ) वस्तुगत प्रश्नपत्र टाइप प्रति सेट | रु १५००/- |

२) परिक्षा समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठकमा परिक्षा समितिका पदाधिकारीर आवश्यक्ता अनुसार विषय विज्ञ आमन्त्रण गर्न सकिनेछ । आमन्त्रित पदाधिकारीहरुले पदाधिकारी सरहको भत्ता पाउने छन् ।

३) परीक्षामा संलग्न हुने कर्मचारीले पाउने सेवा सुविधा

| | |
|---|---|
| क। केन्द्राध्यक्ष/ संयोजक/विषय विज्ञ | रु१५००/- |
| ख। सदस्य | रु १२००/- |
| ग। निरिक्षक | रु१०००/- |

घ। कार्यालय सहयोगी रु३००/-

४) अनुगमनमा खटिएका पदाधिकारीले पाउने सेवा सुविधा प्रति अनुगमन कर्ता प्रति दिन एकमुष्ट रु २०००/-

५) अन्तर्वार्ताकार तथा प्रयोगात्मक प्रशिक्षकले पाउने सेवा सुविधा प्रति व्यक्ति प्रति सिफ्ट एकमुष्ट रु १०००/-

स्पष्टिकरणः "प्रति सिफ्ट" भन्नाले बढीमा तीन घण्टाको समयलाई बुझाउनेछ ।

(२) खण्ड (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि यदि कुनै कर्मचारीलाई छ कोष वा सोभन्दा टाढाबाट आउने गरीखटाइएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमणभत्ता वापतको रकम उपलब्ध गराइनेछ ।

४. **उम्मेदवारको लिखित परीक्षाको उत्तरपुस्तिका जाँच गर्ने परीक्षकको सुविधाः** (१) उत्तरपुस्तिका जाँचको लागि पदपुर्ति हुने तह भन्दा एक तह माथिल्लो स्तरको कर्मचारी उत्तरपूस्तिका जाँचमा खटाइने छ ।

(२) उत्तरपुस्तिका जाँच गर्ने परीक्षकलाई प्रति उत्तरपुस्तिका विषयगत भए रु. ५० र वस्तुगत भए रु. २५ उपलब्ध गराइनेछ ।

५. **पदपूर्ति समितिमा रहने पदाधिकारीहरुको सुविधाः** (१) पदपूर्ति समितिमा रहने पदाधिकारीहरुले नियमानुसारको बैठक भत्ता वापतको रकम प्राप्त गर्नेछन् ।

६. **यसै बमोजिम भएको मानिनेः** (१) यो मापदण्ड बन्नुपूर्व पदपूर्ति सम्बन्धमा भएका कार्यहरु यसै बमोजिम भएको मानिने र यसै मापदण्ड अनुसार सुविधा दिएको मानिनेछ ।

७. **खारेजी र बचाउ** :यो मापदण्ड गाउँ सभाबाट स्वीकृत भएको मिति देखि“सिक्ने गाउँपालिकामा विभिन्न पदहरुको स्थायी/अस्थायी/ करार सेवामा पदपूर्तिको लागि सञ्चालन गरिने परीक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७४” खारेज भएको मानिने छ ।